# युरोपेली सङ्घको मिसनद्वारा संविधानसभाको निर्वाचनको पर्यवेक्षण प्रारम्भ

काठमाडौँ, २०६४ चैत ५ - नेपाल सरकारले आमन्त्रण गरेपछि युरोपेली सङ्घ (ईयू)ले चैत २८ गतेका लागि तोकिएको संविधानसभाको निर्वाचनको पर्यवेक्षण गर्न एउटा मिसन स्थापना गरेको छ । ईयू निर्वाचन पर्यवेक्षण मिसन (ईयू ईओएम)का प्रमुखमा युरोपेली संसद्का सदस्य जान मुल्डर हुनुहुन्छ । यस मिसनमा विभिन्न २२ ईयू राष्ट्र एवं नर्वे र स्विट्जरल्यान्डका गरी १२० पर्यवेक्षक रहनेछन् ।

श्री मुल्डरले फेब्रुअरीमा नेपाल भ्रमण गरी निर्वाचनमा संलग्न धेरै मानिसहरूसँग भेट गर्नुभएको थियो । उहाँले अब सरकारी तथा निर्वाचन अधिकारीहरू, उम्मेदवार तथा राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, अन्य पर्यवेक्षक समूह, अन्तर्राष्ट्रिय सङ्गठन तथा सञ्चारमाध्यमहरूसँग भेट जारी राख्नुहुनेछ । यहाँ आइपुग्दा उहाँले भन्नुभयो,
*"ईयू पर्यवेक्षण मिसनको प्रमुख पर्यवेक्षकका रूपमा पुनः नेपालमा आउन पाउँदा मलाई आफू भाग्यमानी भएको अनुभूति भएको छ । यो निर्वाचन शान्ति प्रक्रियाको एउटा अत्यावश्यक अङ्ग हो । यसले देशको प्रत्येक व्यक्तिलाई समावेशी प्रजातन्त्रका लागि वातावरण बनाउन सहकार्य गर्ने ऐतिहासिक अवसर दिएको छ । अब उम्मेदवारहरूले त्रास र हिंसामुक्त शान्तिपूर्ण वातावरणमा आफ्नो अभियान सञ्चालन गर्न पाउने तथा नेपाली जनताले स्वतन्त्रतापूर्वक आफ्नो प्रजातान्त्रिक अधिकारको उपभोग गर्न सक्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी खासगरी राजनीतिक दल तथा तिनका नेता सहित यस निर्वाचनमा संलग्न सबै सरोकारवालाहरूको हो ।"*

यो मिसन काठमाडौँस्थित आफ्नो कार्यालयबाट मिसनको समन्वय गर्ने प्रमुख पर्यवेक्षकसहित दश निर्वाचनविद्हरू रहेको एउटा केन्द्रीय टोलीबाट बनेको छ । ४० जना दीर्घकालीन पर्यवेक्षकहरू चैत ९ गते आइपुग्नेछन् र अभियान अवधिको मूल्याङ्कन तथा निर्वाचनपूर्वको तयारीका लागि दुईजनाको टोलीका रूपमा देशभरि खटाइनेछन् । निर्वाचनको दिनभन्दा अगाडि मतदान तथा मतगणनाको पर्यवेक्षण गर्न युरोपेली संसद्का सदस्यहरूको एउटा प्रतिनिधिमण्डललगायत करिब ७० जना अल्पकालीन पर्यवेक्षकहरू मिसनमा थपिनेछन् । यो मिसन निर्वाचन प्रक्रियाको अन्तिम चरणको मूल्याङ्कन गर्न निर्वाचनभन्दा केही हप्तापछिसम्म यस देशमै रहनेछ ।

निर्वाचन पर्यवेक्षण विश्वभरि मानवअधिकार तथा प्रजातन्त्रको प्रवर्द्धन गर्ने ईयूको नीतिको एउटा महत्वपूर्ण अङ्ग हो । निर्वाचन प्रक्रियाका सबै पक्षको पर्यवेक्षण गर्नु तथा प्रजातान्त्रिक निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड एवं नेपाली कानुनअनुरूप कुन हदसम्म निर्वाचन हुन्छ भनी मूल्याङ्कन गर्नु ईयू ईओएमको कार्यादेश रहेको छ । सबै पर्यवेक्षकहरू तटस्थ रहनेछन् तथा अन्तर्राष्ट्रियरूपमा स्वीकृत आचारसंहिताअन्तर्गत तथा पर्यवेक्षणसम्बन्धी नेपाली आचारसंहिताअनुसार काम गर्नेछन् ।

ईयू ईओएमले निर्वाचनमा संलग्न कैयौँ अन्तर्राष्ट्रिय निकायहरूद्वारा न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घमा सन् २००५ मा पारित "अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण सिद्धान्त घोषणापत्र"अनुरूप कार्य गर्दछ । निर्वाचनको दिनपछि मिसनले काठमाडौँमा पत्रकार सम्मेलन गरी आफ्ना प्रारम्भिक निष्कर्षहरूबारे एउटा वक्तव्य जारी गर्नेछ । भावी निर्वाचनका लागि सिफारिससहितको बढी विस्तृत अन्तिम प्रतिवेदन निर्वाचन प्रक्रिया अन्त्य भएको दुई महिनाभित्र प्रकाशित गरिनेछ ।

थप जानकारीका लागि सम्पर्क : अन्ना ओवेन, प्रेस अधिकृत
मोबाइलः ९७७ ९८४१८ ९०८८१
फोनः ९७७ १ ४४४१५०१/२
इमेलः anna.owen@eueomnepal.org
कार्यालयः होटेल याक एन्ड यती, पश्चिमी भाग तेस्रो तला, दरबार मार्ग, काठमाडौँ
वेबसाइटः *www.eueomnepal.org*